# दिव्योपदेश



द एक्सप्लोर नेपाल ग्रुप
पो.ब.नं. ५३६, कमलादि, काठमाडौं
फोन/फ्याक्स: ९७७-१-४२२६१३०

श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहको

# दिव्योपदेश

द एक्स्प्लोर नेपाल ग्रुप

पो.ब.नं. ५३६, कमलादि, काठमाडौं

फोन/फ्याक्स : ९७७-१-४२२६१३०

# दिव्योपदेश पुनः प्रकाशनबारे

समाजमा दिनप्रतिदिन भ्रष्टाचार, अनियमितता, हत्या, लुटपाट जस्ता घटनाहरु बढिरहेका छन् । मुलुकको चौतर्फी विकासको लागि समाजका प्रत्येक तह र तप्काका मानिसहरुले एकीकृत भै संगठित प्रयास तथा योगदान गर्नुपर्नेमा झन विभाजित र खण्डित मानसिकताको विकाश भैरहेको छ । समाजमा आपसी सदभाव सद्‌विचार र सदाचार जस्ता कुराहरुमा दिनप्रतिदिन ह्रास आइरहेको छ ।

यस्तो अवस्थामा देशको चौतर्फी विकाश कसरी संभव छ ? यस प्रश्नको उत्तर हामीले खोज्नैपर्ने हुन्छ । यसै सन्दर्भमा मुलुकका चारजात छत्तिस वर्णको एउटै साझा फुलबारीको रुपमा नेपाललाई उभ्याउन सफल राष्ट्रनिर्माता बडामहाराजधिराज पृथ्वीनारायण शाहका विचारहरु हिजो जति महत्त्वपूर्ण थिए आज पनि त्यत्तिकै महत्त्वपूर्ण र सान्दर्भिक छन् । त्यसैले यी विचारलाई प्रत्येक नेपालीले अध्ययन गर्नुपर्छ भन्ने उद्देश्यले पर्यटन, वातावरण तथा संपदा संरक्षणका क्षेत्रमा क्रियाशील निजी क्षेत्रको संस्था द एक्स्प्लोर नेपाल ग्रुपले बडामहाराजधिराजबाट विभिन्न विषयमा व्यक्त भएका दिव्योपदेशहरुलाई पुनः प्रकाशन गरेको हो । यसमा कुनै पुर्वाग्रह नराखीदिनुहुन अनुरोध पनि गर्दछौं ।

२९७औं पृथ्वी जयन्ती -२०७५

द एक्स्प्लोर नेपाल ग्रप
**भरत बस्नेत-अभियन्ता**
पृथ्वी विचार अभियान

(उपक्रम)

स्वस्ति श्री गणेशाय नमः ॥ ॥ श्री कालिका सहाः ॥ ॥ श्री ३ शिव गोरषनाथ सहाः ॥ श्री ३ प्रिथिनारायण सहाः ॥ ॥ श्री श्री श्री ५ बुढा महाराजाले तिन सहर नेपाल र हिडुंपतिको राज लियापछि पछिल्ला पटक् नुहाकोटमा पाउ लाग्नुभयामा गुरु प्रोहित थरघर भैयाद भारदार र आफना ददा सुरथिसिं राना सबैका बुढापाकाछेउ हुकुम भयाका कुरा !

(उपदेशक)

बुढा मरै भाषा सरै भनि भन्छन्. तिमिहरु सबैछेउ सुनाइगयाको भया तम्रा सन्तानलाई सुनाउला र तम्रा सन्तानले हाम्रा सन्तानलाई सुनाउने र यो राजे थामि षानन् : ॥

(पाचँ भाइ)

उप्रान्त : हाम्रा मुमाहरु तिन हुन्. हामि तिन षोपिका पाचपाण्डुवाको अवतार भयाका थिञुं !

(ससुरालीको तितो अनुभव)

मेरो विवाहा मकुवानपुरमा भयाको थियो. डोला सुम्पेको थियन र डोला पनि लैयाउ. नेपाल पनि देषि आउ भनि मकवानपुर गञुँ र पुग्यपछि दिकबन्दसेनलाई यवटा कुराको करेउली लियेर भने यकदन्ता हाति र नवलाषि हिराको हार दिन्छौ भने डोला पनि लैजाला दिन्न भन्या काढि तरवारसित पनि लैजाला भनि हाक पारि.

(चन्द्रगिरिबाट नेपाल-खाल्डोको दर्शन)

नेपाले राजाले चिन्नन् र पक्रनन् भनि स्याषु बढिरापतिका तिरैतिर भानु जैसि कुलानन्द जैसि थरघर पनि साथैमा थिया. चूडागिरिमा आइपुग्यापछि नेपाल कुन हो भनि सुध्याञां र त्यो भादगाउ हो. त्यो पाटन हो. त्यो काठमाडौ हो भनि देषाया र मेरो मनमा इ तिनै सहरको

राजा हुन् पाया ता हुदो हो भन्ने यस्तो मनमा परिरहेथ्यो. उस्तै बेलामा उ दुवै जैसिले भने. हजुरको मनकान्छ्या अविला पुग्ला महाराजा भन्या र मलाई आसर्जे लाग्यो र मेरा पेटका कुरा कसो गरि जानेउ र तेस्व भनेउ र भनि मैले भन्दा जसै नेपालमा नजर दिनुभयोथ्यो उसै बेला मोचमा बाहुलि डिदा मनमा नेपालको राजा हुन् पाया तो हुदो हो भन्या जस्तो परेछ भनि विन्ति हजूरमा गऱ्यकै हो र. यो कुरा पुग्ला भनि मैले भन्दा हजुरले गौ ब्रम्‌हान अतित फकिर देउदेवताको मानिता बहुतै राषनुभयाको छ. हाम्रा हातमा पनि सरसोतिको बर्दान छ. हजूरलाई नेपालको राज बस्य हुनेछ भने र.

(धपेडी) थांकोट्‌को ठूलो भन्ज्यान् काटि रात दिन गरिकल्लूहारिघाट तरि धादिंन् उक्लेउ र.

(मैधीको सभा) चेप्याको षवा लिग्लीग्‌को आड गरि राषेका मेरा तिन बिर छन्. तिनलाई बोलाहाटको रुका लेषन जैसि भन्दा तिनको नाउ के के हो भनि सुध्याया र रणजित् बस्न्यात् मानसिं रोकाहा बिरभद्र पाठक् मैधिमा रात दिन गरि आइपुक भनि लेषी पठाञां र आइपुगे र तिनछेउ यकान्त गऱ्या (र) भने दिकबन्दसेनसित हाक दि आज नेपाल पनि देषि आज हान्नाको मनसुवा पनि राषी आज तिमिहरु क्या भन्छौ भनि मैले भन्दा हान्नुहवस् महाराजा भने र सल्लाहा दिया र मैले भने. म जसै अर्काको छत्रभंङ्ग गर्न जांछ मेरो छत्रभंङ्ग गर्न अर्को आयो भन्या कसो होला भनि मैलेभन्दा हजुरका हातिहउवा ई बाइसे चौबिसि आयो भन्या चेप्यामा रगतको नदि बहाउला महाराजा भन्या र यकान्तबाट उठि गोर्षा गयउ र.

(मामाको उपदेश)

पुगेपछि मामाज्यू पनि निलकण्ठ पसुपतिको दर्सनलाई देउघाटको बाटो गरि जानुभयाको रहेछ. निलकण्ठ पसुपतिको दर्सन भयापछि श्री गोरषनाथको दर्सनलाई गोर्षामा आउनुभयो र दर्सन भयापछि मसित भेट भयो र मैले भन्या मामाज्यू मकवानपुर पनि पुगि आञां. नेपाल पनि देषि आञां. हान्नाको मनसुबा पनि राषि आञां. कति कुराले मेरो काज फत्ये होला. अर्ति बक्सनुभया हुदो हो भनि मैले भन्दा मलाई पनि पञ्चरात्रीमा द्रिष्टान्त भयो. हामीले देषता पाच पाण्डुवाको अवतार भयो जस्तो लाग्दछ. कुरुक्षेत्र मेला नभै नेपाल फुट्ने छैन. लमजुन् भन्याको गरुड हो. गोर्षा भन्याको सरप हो. नेपाल भन्याको भ्यागुता हो. अघी गरुडको आषा छल्नु तब सर्पले भ्यागुता षान पाउछ मेरा साथमा चार जातका सिपाहि छन्. इन्मा कस्को सवार गर्‍या चाडो काज फत्य होला भनि सोध्दा के के जात छन् भनि सोधनुभयो र बाहुन् षस् मगर ठकुरी इनमा कस्को सवार गर्‍या चाडो काज फत्य होला भनि सोध्दा बाहुन्को सवार भन्याको बयेल हो. पातक् लाग्छ ठकुरीको सवार भन्याको सिघं हो पछाडि दगा हुन्छ. मग्रको सवार टागन् घोडा हो. ढिलो हुन्छ षस्को सवार भन्याको ताजि तुर्कि घोडा हो. षस्को सवार गर्‍या चाडो होला भन्या जस्तो लाग्छ भनि अरु धेरै कुराको अर्ति दि जानुभयोथ्यो उनै अर्ति लिञां र.

(लमजुङसंगको सन्धि)

लमजुंग्या राजा रिपुमर्दन साहसित भेट गर्न भनि गया र चेपेघाटमा भेट भयो र घाहाथ (घ) रेसका बात गर्दा जौना कुराले घाहा बाधुला भने जढ कुरो मेरा पेटमा थियो. सोहि जढ कुरो कालु पाडेंको गर्‍यो र घाहा बलियो बस्यो र.

(कालुपाडेका मन्त्रित्व)

मलाई आसर्जे लाग्यो र तर मलाई ता रिझायो. दुनिञां जस्देषी राजि रहन्छन्. उसैलाई काजाई दिनु भन्ने सास्त्रमा पनि कहेको छ. दुनिञांमा बुझिहेरुं भनि बुझिहेर्दा दुनिञांबाट पनि कालुपाडेंको चाहा रहेछ र कालुपाडेलाई कांजाई दिनुभया हामी दुनिञांदारमा छाहारी रहं दो हो भन्न्या सल्लाहा दिया र अब बाईसि चौबिसिले क्या भन्छन् भनि बुझनुहुदा बाईसि चौबिसिबाट पनि कालुपाडेकै चहा रहेछ र कालुपाडेलाई कजाञि भया घाहा घराईस् बलियो राषन्यैछ भन्ने सल्लाहा दिया तर ज्याधा बुद्धी कालुपांडेकै ठहऱ्यो र कालुपांडेलाई कजाञि भयाको हो.

(पांडे वस्न्यातको सम्बन्ध)

अब पांडे वस्न्यातको जुग बाधिदिंन्छु तेरी छोरी सिब राम वस्न्यातको छोरो केहेसिंह बस्न्यातलाई देउ भनि मागि बिहे पनि गरिदिन र पांडे बस्न्यात्को जुग बाधि पाडेको ढाल् बस्न्यातको तरबार गरि नेपालमा चढाइ गऱ्याको हो ‼

(सल्यानकोटको अनुष्ठान)

उप्रान्त ॥ रणजित् बस्न्यात् मानसिं रोकाहा बिरभद्र पाठक् इनलाई गौटान्को बिराई लिग्लीग्को आउ (ड) मा राषी मं पनि सल्ल्यान्कोटकि देबी साछायात् छन् भनि भन्छन् म पनि सायेत गरि जान्छु भनि बिदा गराया र सायेत गरि म पनि गञुं र बारिमा थर्पु पऱ्यो सल्यानिको थरघर बराहा उमराउहरुसित सुध्याञा. माईको दर्सन गर्नु हुन्छ की भन्दा भित्र दर्सण पूझाहारि टहलुवालाई मात्रै भित्र दर्सण गर्नु हुन्छ जो हुकुम भन्न्या र ढोकामा ता हुन्छ कि भन्दा ढोकामा ता हुन्छ कि भन्न्या र साज बिह्यान ढोकासम्म जाई पाठपुजा जप् दर्सन गर्थ्या

र यक दिनका रातमा सपना भयो र दुई हातमा दुई षङ्ग लियाकी सात आठ वर्षकी कन्या कुसुमे पछिउराको घुगूटि पारि मछेउ आइन् र मैले सोध्याञां तिमि कस्की छोरि हौ भनि मैले भन्दा पुझाहारि रानाकी छोरि हुँ भनिन् र उ दुवै षङ्ग मेरो हातमा दिन् र आरसि प्रमानको लाल टलबल् गर्थ्यो षोकिलाबाट झिकी मेरा मुषसम्ममा ल्याई यो पनि निल् भनिन् र तम्रो मनकान्छ्या पुऱ्याई दियाको छ. म पनि केही माग्छु थपि जाउ भनि जसै दुई पाइला गैथिन् उसै बेलामा म पनि बिमूज्यौ र भानु जैसि कुलानन्द जैसि पुझाहारि रानालाई डाक्या र सोध्याञां. जैसिले पनि पुजाहारिले पनि ति माईहुनू दर्सन पाउनुभएछ भने उसै बेलामा धुप दिप धजा नैबेद नित्य पुजालाई सात राग्गा सातै बोका थपि बोर्लाघाटको आम्दानी र घाटैछेउको टार माईलाई संकल्य गरिदिन र उसै घरिको सायेत गरि.

(सिमलचउरको बास) रात दिन गरि सरासरी आया र सिमल्चौर चौतारामा थर्पु हालि बस्याको थीञां. दावा भन्या नुवाकोट्को बहना भन्या षिच्यात्को कुलो काटि षेत बिराउनाको गरि राष्याथ्या. बेत्रावतीका बेनी इन्द्रायेनिका थानमा डुंगा तरि जप पाठलाई जाथ्या. ध्यान भन्या सल्ल्यानूकोट्कि देबीको र इन्द्रायनी भैरवीको गर्थ्या.

(जयन्त राना) माहामंण्डल भनेको नुहाकोटको सवता रहेछ. माहामंण्डलमा ग्यामि राना थीयो. तं हाम्रा भरको ग्यामि होस्. माहामंण्डल छोडिदे. मछेउ आइज भनि पठाञां र हुना ता मं हजुरकै हु. तर जयप्रगासमल्लको नुन् षाईहाल्यां मरिमेटन्याछुं भनि हाक पारि पठायो र

(साइत) येक दिन कचहरिमा बस्याको थिञां. तान्रा लागेछ र तान्दैमा ता इन्द्रायनिका थानमा बस्याको रहेछु. आजका साता दिनमा ठूलो सायेत छ. तेसै दिनको सायतले नुहाकोट साध्ये हुनूयाछ भन्याको सुन्या र पात्र हेरन जैसि भन्या र पात्रो हेऱ्या र आजका साता दिन बिहाउडो सनिश्चरवार ठूलो सायेत रहेछ भनि बिन्ति गऱ्या र.

(नुवाकोट विजय) उहि साहेतमा महामण्डलमा उक्लेउ र तरवार पऱ्यो र हाम्रा नुनूका सेषले भुकाईदिने पंथ बाऱ्है वर्षमा मेरा भाई दलमर्दन साहले जेठि तरवार रानाको थापलामा हाल्यो र नुहाकोट साधे गरि बढाई गरेउ र.

(ककनी र सिवपुरीमा चौकी) ककनी र सिपुरीमा ठाना हालि मुर्चा लाई राषथेउ मलाई प्रसुराम थापाले नेपाल हान्न आउ भनि हात

(परशुराम थापा) दिई राष्याथ्यो. आफना भाईलाई लाषबिसि पुऱ्याउनु बाईसि चौबिसि उठाई पछाडि हान्नु भनि पठायछ र मैले थाहा पाञां र काहा पुक्याको छ भनि सुध्याञां र पोषराको हटियामा डेरा गरि बस्याको छ भनि सुन्या र तेसलाई बैठाई आउन को सकौला भनि सल्लाहा गर्दा कसैले पनि ठहराउन सकेन र मैले भन्या भागल गरुं सक्ला भनि डाकी अह्राई मेरा कंमरको कोताषान् दियां र गयो र पुगि गाईनेको भेष गरि हातमा बल्छीको टागो लि काषिमा सारंगी च्यापी २/४ धार्निको सहर लैगी उस्का लस्करहरु भात षान्या बषत्मा अवसर हेरि बैठाई आयो र.

(नेपालखाल्डो बिजय) पछाडी सुध्द गरि नेपाल षोल्याई पुरुब पश्चिम्का दुनिञां हात गरि नेपाल लियाथ्या ‼

| | |
|---|---|
| (दुई ढुङ्गाको तरुल) | उप्रान्त ! यो राजे दुई ढुंगाको तरुल जस्तो रहेछ. |
| (चीनसंगको सम्बन्ध) | चीनबादसाहसित ठूलो घाहा राषनु. |
| (अंग्रेजसँगको सम्बन्ध) | दषिनको समुन्द्रका बादसाहसित घाहा ता राष्नु. तर त्यो महाचतुर छ. हिन्दुस्थाना दबाईरोषेछ. सरजिमीमा परिरहेछ. हिन्दुस्थाना जाम्यो भन्या कठिन् पर्ला भनि किल्ला षोजन आउन्याछ. सन्धीसर्पन् हेरि गडि तुल्याई राष्नु र रस्ता रस्तामा भाजा हारि राष्नु र यक दिन त्यो बल आउन्याछ. जाइ कटक् नगर्नु. झिकी कटक् गर्नु र चुरेघाटीमा षुपै काटिन्याछ श्रीगंगाजिको साध पनि लाग्नैछ. लडाईमा पुकेन भन्या लोलोपोतो अनेक कल छल गरिकन पनि. |
| (किल्लाको व्यवस्था) | यो नेपालको तषत किल्ला हो. यो किल्ला पायो भन्या चारै बादशाहालाई क्व हाला लाउनैछ. इस्वरले रचना गऱ्याको किल्ला रहेछ. स्वधनुपर्ने रहेनछ. सिवपुरि १ फलूचोक २ चन्डागिरि ३ महादेउपोषरि ४ पालुं ५ दाप्चा ६ कांहल्या ७ ईनमा पनि किल्ला पकि बनाउनु किल्लापिछे तोप लमूछट्र गरि राषिदिनु र जति भन्ज्यां ई छन् भन्ज्यापिछे यक यक फलामे ढोका बनाई ढोकापिछे यक यक तोप लमूछट्र गरि राषिदिनु र पपांच सिपाहि राषिदिनु र यस्व भयापछि चेवा गर्न्या चर्चा गर्न्या भगन्या नास्न्या ढुकुवा फसादि षुनि यस्ताहरुको पनि केही चल्नेछैन. चारै बादसाह चढाई गरि आयो भन्या पनि कसैको केही चलून्य रहेनछ. |
| (स्थिति बाँध्न इन्च्छा) | उप्रान्त. राजा रामसाहले बाध्याको थिति पनि हेरिसके राजा जयेथितिमल्ले (मल्लले) बाध्याको थिति पनि |

हेरिसके. राजा महिन्द्रमल्लले बाध्याको थिति पनि हेरिसके. इश्वरले दियो भन्या म पनि यस्ता बन्देजको बाह्र हजारको स्थिति बाधिजाला भन्या अबिलाष थियो.

(उत्तरदक्षिणको बाटो) पुरुब पछिमको रस्ता बन्ध गरि नेपालको रस्ता चलाई दिउला.

(लोकस्थितिको रक्षा) आ–ना अना जात विसेष्को कर्म गर्नु भन्देज गरि जाला.

(दहचोकमा राजधानी) यो तीन सहर भन्याको चिस्व ढुंगो रहेछ. षेलषाल मात्रै ठुलो रहेछ. कुपको पानी षान्याछेउ बुधि पनि हुदैन. सुरो पनि हुदैन. षेलषाल मात्रै रहेछ. मेरो मनसुबा त दहचोकमा दरबार बनाउला र चारै दिसा थरघरको गुरु प्रोहित भैयाद भारादार मिर उमराउको घर बनाई छुट्टा दरबार बनाउला र ई तिन सहरमा ता दरबारबाट स्वषसयल्लाई मात्रै जाला भन्या यस्तो अविलाष थियो.

(पर्सामा बजार) उप्रान्त ‼ देसका महाजनूलाई गोडप्रसाहदेषी उभ आउन नदिनु. देसका महाजनहरु हाम्रा मलुकमा आया भन्या दुनिञां कंगाल गरि छाड्दछन्.

(स्वदेशी कपडाको व्यवहार) हामीले च्यागापांगा लाई तिन सहर नेपाल र नौलाष् किलायत र हिन्दुपतिको राज आर्ज्यथ्येउ. देसका कपरा लगाउनालाई मन्हाई गरिदिनु. आफना देसका कपरा बन्न ज्यान्यालाई नमना देषाइए सघाउनु र बन्न लाउनु र यस्व भया नगत देस जादैन.

(स्वदेशी वस्तुको निकासी) आफना देसको जिनीस् जरिबुटि देस लैजानु र नगत षैचनु नगत षैचिराषनु र प्रजा मोटा भया दर्बार बलियो रहन्छ.

(राजाका धन दुनियाँ हुन्)

राजाका भंडार भन्याका रैतानहरु हुन्.

(कर उठाउन ठेक्का नदिनु)

मलुकमा ईजारा पनि नदिनु. सर्षारबाट अमानित् राषि सर्षारिया तहसिल् राषी सालबसालूको कचा लिनु.

(भारदार र सैनिकहरुलाई धन कमाउन नदिनु)

क्या चुनी सिपाई भया क्या भैभारदार भयो. इनलाई दवलथ कमाउन नदिन् आदमी हेरि हुर्मत् मात्रै राषी दिनु. क्यान भनौला दवलथ् भयाकाले तरवारमा पसि मर्न मार्न सकैनन् र हरिपको चपक हुन्छ. सिपाहि भैभारदारले स्वष गरेनन् भन्या चारै षुट्मा मेरो तरवार बजनैछ. स्वपमा पसो भन्या.

(मैले आर्जेको मुलुक छोटा बडा सबै जातका फुलबारी हो)

मेरा साना दुषले आर्ज्याको मुलुक होईन. सबै जातको फुलबारी हो. सबैलाई चेतना भया यो साझा फुलबारिको छोडा बडा चारै जात छतिसै वर्नले यो असिल् हिन्दुस्थाना हो. आफना कूलाधर्म नछोड्नु.

(वंशक्रमागत पद)

ष्वामित् नुन्को उधार गर्नु. कालु कबार्दारका सन्तानलाई कवर्दारि नछुटाउनु. दषिनको घाहा सिताराम बस्न्यातका सन्तानलाई नछुटाउनु भोटको घाहा कालुपांडेका सन्तानलाई नछुटाउनु.

(राजाले सेवक लाई घरमा नमार्नु)

पाडे बस्न्यात् पंथ भैयाद मंग्रलाई मारातप् दिदा आलोपालो पालो गरि षान दिनु. ई मेरा नुन् गुन्का स्वझा सेवक हुन्. ईनीहरुको जीव जान्या बिराम गऱ्याको भया पनि आफुले नमार्नु, बरु मारातप दियेर लडाञीमा झोसिदिनु र जिव जोगाई आयो भन्या बढिया

भयो. मरिगयो भन्या आफुले मार्नु अर्कैबाट मारिदियाको बढिया हुन्छ तब राजाले सेवकलाएं घरमा नमार्नु.

(अन्याय हुन् दिनु हुदैन) तब राजाले ठुलो निञा निसाफ हेर्नु अन्याय मुलुकमा हुन् नदिनु.

(घुस्याहालाई ठोक्नैपर्छ) निञानिसाप बिगार्न्या भन्याको घुस दिन्या र घुस षान्या ईन दुईको ता धन जिव गरिलियाको पनि पाप छैन. ई राजाका महासुतर हुन्.

सिपाहीलाइ पायक पर्न खान पुग्ने जग्गा दिनु) उप्रान्त ! जढ कुरो राजालाई चाहीन्या सिपाहिहरुको घर षेत् मिलाईदिनु र मल् जल् गर्छन् र डुबौ बोटि भित्र हाल्न पाउछन् र कबिलाको निर्फिक्रि हुन्छ ढोकामा भया पनि गौडामा भया पनि सिपाहिहरुको छाति बलियो रहन्छ.

(लडाईंमा जस पाएकालाई माथि उकालिदिनु) पजनि गर्दामा पनि सये नालका कंमूमनी जमाउनु र सय नालका सुबेदार चार पाच लडाञीमा जस पाई आयका यस्ता आफुले जाचि सुवेदार हाल्नु सुवेदारले पनि सातपगरि दुई चार बाढ पायाका यस्ता सातपगरि हाल्नु. सातपगरिले स्वह्न हुदा हाल्दा आफुसित मर्ने मार्न्य जाची १६ हुदा हालनु. १६ हुदादे पनि आफूसित मर्ने मार्न्या जाचि सिपाहि हालि आफना पट्टि भर्ना गर्नु.

(लडाका जात) पट्टि पट्टिमा सिपाहि पनि षस्/मगर/गुरुं/ठकुरि ईनै चार जात मात्रै षिचोला गरिहाल्नु र तर्वार पर्दा साह्रो हुन्छ. लुहा च्यापन्या पनि ईनै चार जात मात्रै हुन् र तरवार पर्दा साह्रो हुन्छ र बैरि त क्या इन्द्रको आसन् पनि डगाईन्छ.

(शस्त्र संग्रह) हजारौ घना हजारौ पथर्काला हजारौ षुडा हजारौ तोप

| | |
|---|---|
| | भया इन्द्रको आसन पनि डगाईन्छ. |
| (लडाका र तिनका सहायक) | लडाञीमा पनि हान्न्या र सष दिन्या ई दुवै बरोबर हुन्. जागिरि दिदा पितल् दिदा दुवैलाई बरोबर दिनु मऱ्यो भन्या. |
| (मरवट) | उसका छोरा षुडा हान्या नहुन्ज्याल् मरवट दिनु. षुडा हान्या भयापछि जागिरमा उकालिदिनु र. |
| (राजाले विवेक राख्नुपर्छ) | राजाले विवेक राषीदिया देसदेसका सिपाहि पनि आसा राषी आउनछन् र. यस्व भया तरवारीया सिपाहि हात लाग्छन्. |
| (सिपाहि र दुनिया राजाका सार हुन्) | राजाका सार भन्याको सिपाहि र रैति हुन्. राजा चतुर भया सिपाहि र रैति हात हात गरि राख्नु र हल्कल् हुन् पाउदैन. |
| (सिपाहिलाई तिखार्दै रहनु) | सिपाहि भन्याको तिषारिराषनु. तिषारिराष्याका सिपाहि कसैका मलाजामा पस्दैनन् र आफनु काज फत्य हुन्छ. |
| (दुर्गपालको छनोट) | गुरु मगर षान्ज्यादा भैयाद भारदार मिरउमराउ थरघर पुराना पुराना जाची घुडा गौडामा राषनु. |
| (अजानपदलाई ठूलो अधिकार नदिनु) | पुरुब पछिम्का षस बाहुन्लाई दरबारमा पैठ हुन् नदिनु. क्यान भनौला बाहिडा माछन्याले दरबारमा बिथिति गराउछन्. |
| (लालमोहर राजाबाटै हुनुपर्छ) | राजाको हुकुम जफत गरि राषनु. |

(योग्य अन्त पालले देशमा उन्नति गर्छन्)

मैले तिं थुमूका बह्रहा उमराउलाई इन्द्रबज्र तुल्याई राष्याथ्या. नगरा निसान पनि दिई. राष्याथ्था. बाह्रबिसेको गाडो (ठो) बाधी दियाको थियो र सल्लूयाानि लिग्लीग धादिका मुहुडामा जाहा जाहा काज गर्थ्यो. फत्य गर्थ्या र यो अैस्वर्जे गऱ्याको हो.

(पुराना योग्य मानिसलाई जाँची हजुरिया बनाउनु)

आफना घरका पुराना सेवक जाँची हजुरमा हरोदम् राषी दरोबस्त बाधि घर बलियो राषनु. यस्व भया दरबार बलियो रहन्छ. राजाको चतुराई

(प्रजालाई र सैनिकलाई अन्त लहसिन नदिनु)

भया सिपाहि रैति हात गरि राषनु. सैनिकलाई अन्त मलाजापछि गुणपछि लाग्न नदिनु. नुनपछि लाउनु

(शुद्ध चाँदीका मोहर रुपीयाँ चलाउनु)

उप्रान्त टक्सार पनि चोषो चलाउनु

(न्यायालय)

अदालथमा पनि ठकुरि जाचि डिष्ठा राष्नु मगर जाचि बिचार थापनु. कचहरिपिछे यक् यक् पण्डीत राषी निजांसास्त्रबमोजिम अदालथ चलाउनु.

(न्यायालयबाट आएको आम्दानी धर्मकर्ममा लाउनु)

अदालथमा पैसा दरबारभित्र नहाल्नु. फकीर फकिडा अतित जोगि सन्यासि ब्राहमणहरु इनैलाई दछिना भोर्जन चलाईदिनु. उप्रेका पैसा दक्षिना चलाई धोति रुमाल चलाईदिनु. यस्व भया असत्यको दोस् लाग्दैन.

(गाउँ हटाएर पनि खानि चलाउनु)

षनी भयाका ठाउमा गाउ भया पनि गाउ अरु जग्गामा सारिकन पनि षानि चलाउनु

(घर हटाएर पनि खेत बनाउनु) गह्रो बन्न्या जग्गामा घर भयापनि गाउ अरु जग्गामा सारिकन पनि षानि चलाउनु

(धोका) उप्रान्त ‼ केही बेलामा हात दिनामा पस्या र मलाई भिकाया र पछाडि दगा दिया र महादुष गरि पछाडि सुध्द गरि नेपाललाई मुर्चा लाञांथ्या.

(नागा मारिए) जयप्रकाश मल्लका मतलपूलाई दषिनबाट नागा भिकाया र नेपालभित्र पस्न नदि सातगाउभित्रैमा भिजाञां.

(मीरकासिमको हार) कास्मेरिषान् नवाफ् मकवानपुरमा चढायो र छअबिस् षो (घो) डाले काटि घर्काई सिवाना कटाई आञां.

(अङ्ग्रेजको हार) तिन चार पल्टन् लिएर सिडुलि गढिमा हाँडीसाहेब चढयो र वा वाही पनि काटि पथर्काला च्याति ल्याञां र.

(तिलङ्गा) लषनैबाट तिन् मुसुल्मा मेरो चाकरिलाई नुवाकोटमा पिछा परि आंयाका थिया. ईनै बन्दुक्को तुलकलायेत तिनै मुसरमानले जान्याको रहेछ र सेषजरवर ममतकि भेषार्सि तिनै जनालाई अजिटनी दिथा र तिलंगा सधायाको हो.

(नेपालखाल्डोलाई मुगलले जित्नेछन् भन्ने होला) नेपालको किताप ह (हे) र्दा तुर्काना मंग्रात् मुगुलाना हुन्या रहेछ र तर्काना अधि भैगयेछ।

(मुगललाई हराउने उपाय) मगरातको राजा मै हु. मुगूलानाको दोष मेटनालाई आधा थुम मेटि कंपनी जमायाको हो. आधा षुडा आधा

पथरकाला बनायाको हो.

(जङ्गी बन्दोबस्त) सहे नालका कम्पनिको छरितो हुन्छ र यस्व भया सये नालका कम्पनिले हजार जवानलाई पाउछ. किल्ला किल्लापिच्छे यक यक कम्पनि राषी गर्षा बाडिदिनु र जगैरा बाधी भरि राष्नु.

(विदेशी नाच गानको बहिष्कार र नेवार शास्त्रीय नाच गान र चलनको कदर) उप्रान्त मलाई यवटा कुराको संध्यह लागिरहेछ. कुन्कुरो भन्या मृगलाना नजिकै रहेछ तेस् जग्गामा छोकडा पत्रीया रह्याछन्. चित्रकार भन्याको कोठामा ढोलक् सितार राग तान्मा भुलनन्. राग तान्मा बडो ठुलो मोहो हुन्छ र दवलथ पनि षोलिन्छ. देसको भेद पनि तिनैले लैजान्छन् र हरिपले दगा गर्छ. रागको अभ्यास् पनि कसैले नगर्नु. तिन जातलाई पाहाड आमफदरफ पनि कसैले नषोल्नु. अथवा फागुलाई यक् दुई गरी भिकि चाडै बिदा गराईदिनु र देसको भेद पनि पाउदैनन् आफना स्वषसयलेलाई ता सास्त्रबमोजिम्को तिनै सहर नेपालको नेवारहरुको नाच भिकाई हेऱ्या पनि हुन्छ. ईनमा ता दियाको पनि आफनै देसमा रहन्छ. यस्व भया आपनु देस गमन् रहन्छ.